आज मिति २०७५/११/०८ गते दिनको १० वजे यस गोरखा नगरपालिका गोरखाका नगर प्रमुख श्री राजन राज पन्त ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक वस्यो । वैठकमा निम्नानुसार कार्यपालिकाका सदस्य ज्यूहरुको उपस्थिति रहेको छ ।

**उपस्थिति**

| सि.न. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री राजनराज पन्त | |
| २. | नगर उप प्रमुख | श्री विना कुमारी श्रेष्ठ | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री हिक्मत वहादुर कुँवर | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मिँया | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री राम वहादुर वोगटी | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री खोप वहादुर अधिकारी | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री रामकुमार थापामगर | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण वहादुर खत्री | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री कुल वहादुर कुँवर | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री देवी वहादुर वस्नेत | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री राम वहादुर खड्का | |
| १४. | वडा अध्यक्ष वडा नं. १२ | श्री डिल वहादुर थापा | |
| १५. | वडा अध्यक्ष वडा नं. १३ | श्री हरि वहादुर खनाल | |
| १६. | वडा अध्यक्ष वडा नं. १४ | श्री राम वहादुर खड्का | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री हरि वहादुर गान्धारी | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापामगर | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री विना कैनी | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री गिता थापामगर | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री कृष्ण कुमारी श्रेष्ठ | |
| | | | |
| | | | |

Scanned by CamScanner

## कार्यपालिका बैठक २०७५।११।०८ प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु:**
१ भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा ।
२ विविध ।

**निर्णयहरु:**

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा, संयुक्त अधिराज्यको लण्डन क्षेत्रमा रहेको Greater Rashmoor Borough Council ले नेपालको गण्डकी प्रदेशमा रहेको यस गोरखा नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्ने उद्देश्यले औपचारिक निर्णय गरी मिति २७ नोभेम्बर, २०१८ मा संयुक्त अधिराज्यका लागि नेपाली राजदूतज्यूलाई सम्बोधन गर्दै लेख्नुभएको पत्रका सम्बन्धमा संयुक्त अधिराज्यका लागि नेपाली राजदूतज्यूले परराष्ट्र मन्त्रालयका श्रीमान् सचिवज्यूलाई सम्बोधन गरी मिति २०७५।०८।१२ मा लेखेको पत्र तथा परराष्ट्र मन्त्रालयबाट मिति २०७५।०८।१७ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारलाई सम्बोधन गरी लेखेको पत्रबाट भगिनी सम्बन्ध स्थापना गर्ने प्रक्रिया अगाडि बढेको देखिन्छ । सो सम्बन्धमा यस नगरपालिकाले Greater Rashmoor Borough Council ले उल्लेख गरे बमोजिम Aldershot Town " Home Of The British Army " मा गोर्खाली सैनिक प्रति गाढा सम्बन्ध रहेको र त्यहा रहेका मध्ये धेरैको जन्मस्थान यस गोरखा जिल्ला रहेको सन्दर्भमा उक्त शहरसँग भगिनी सम्बन्ध स्थापना गर्दा दुवै पक्षलाई फाइदा पुग्ने देखिएकोले उक्त शहरसँग भगिनी सम्बन्ध स्थापना गर्ने निर्णय गरियो । साथै सो सम्बन्ध स्थापना गर्ने प्रक्रिया अगाडि बढाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को ८ बमोजिम प्रदेश सरकार सँग परामर्श माग गरी प्राप्त परामर्श सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारमा लेखी पठाउने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ विविध अन्तर्गत छलफल गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,गोरखा पोलिटेक्निक इन्स्टिच्यूट पालुङटार-४, गोरखाले यस नगरपालिकामा तपशील बमाजिमका **Current Short-Term Training** सञ्चालन गर्न इच्छुक रहेकाले उक्त तालीम सञ्चालन गर्नका लागि अनुमति दिई यस नगरपालिकामा तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**तपशील:**
1. Building Electrician
2. Off-seasonal Vegetable Production
3. Mason
4. Rural Livestock Assistant
5. Beautician
6. Motorcycle Mechanics
7. Barber

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पाण्डे
प्रमुख

Scanned by CamScanner